# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, जेठ ०७ गते, २०७७ साल (संख्या ८

## भाग ३

### प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०२।०१ को निर्णयानुसार "प्रदेश स्वास्थ्य नीति २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश स्वास्थ्य नीति २०७७

## १. पृष्ठभूमि

नेपालको संविधानले निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ। देश संघीय शासन प्रणालीमा रुपान्तरण भइसकेको अवस्थामा स्वास्थ्य सेवाका संरचना तथा सेवा प्रणाली संघ,प्रदेश र स्थानीय गरि तीन तहमा विभाजन गरिएको छ। संघीय संरचनामा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच पुर्याउने प्रदेशको समेत दायित्व रहेको छ। संविधान बमोजिम विभिन्न तहले सम्पादन गर्ने कार्यहरुको अधिकार सूची,संघीय नीति तथा कार्यक्रमहरु, दिगो विकास लक्ष्य, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु एवम् प्रदेशमा स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरु, प्रदेश नीति, प्रदेशमा उपलब्ध साधन र स्रोत, तथ्य तथा प्रमाणहरुलाई समेत विश्लेषण गरी प्रदेशको स्वास्थ्य प्राथमिकता तय गरिएको छ। यसैको आधारमा प्रदेशको समृद्धिका लागि **समृद्ध प्रदेश खुसी जनता** भन्ने दीर्घकालीन सोचलाई सार्थक तुल्याउन **प्रदेश स्वास्थ्य नीति,** २०७७ तर्जुमा गरि जारी गरिएको छ।

## २. समीक्षा

### (क) विगतका प्रयासहरु

नेपालको स्वास्थ्य क्षेत्र विभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै क्रमशः आयुर्वेदिक पद्धति र आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात भएको हो। प्रदेश भित्र औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात भीम शमशेरको पालामा (वि.सं. १९४२ देखि १९५८) पृथ्वी-भीम अस्पताल समूह अन्तर्गत नेपालगञ्ज र

तौलिहवामा तथा चन्द्र शमशेरको पालामा (वि.सं. १९५९ देखि १९८६) पृथ्वी-चन्द्र अस्पताल समूह अन्तर्गत पाल्पा र परासीमा स्थापना गरिएका अस्पतालहरुद्वारा भएको पाइन्छ।चन्द्र शमशेरकै समयमा वि.सं. १९६७ मा ६ शैया अस्पतालको रुपमा सुरु गरिएको लुम्बिनी प्रादेशिक अस्पताल  हाल ४०० शैयाको अस्पतालका रुपमा सञ्चालनमा छ। आयुर्वेदिक स्वास्थ्य प्रणालीका हकमा अत्यन्तै पुरानो स्वास्थ्य प्रणालीको इतिहास रहेको भएपनि प्रदेश नं. ५ को सन्दर्भमा वि.सं. २०४८ मा दाङको विजौरीमा स्थापित १५ शैयाको क्षेत्रीय आयुर्वेदिक चिकित्सालयबाट (हाल ३० शैया) विकसित भएको हो।

नेपालमा वि.सं. २०१३ सालबाट सुरुवात भएको प्रथम आवधिक योजनामार्फत स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकासको सुरुवात भएको हो।वि.सं २०४८ मा जारी गरिएको राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्याउने उद्देश्यले स्वास्थ्य क्षेत्रमा पूर्वाधार निर्माण, दक्ष जनशक्ति उत्पादन, क्षमता अभिवृद्धि, सूचनाको व्यवस्थापन, गैरसरकारी क्षेत्रलाई स्वास्थ्यमा लगानीमैत्री वातावरणको सिर्जना तथा आयुर्वेदिक तथा अन्य चिकित्सा प्रणालीको विकास गर्ने रणनीति अनुरुप तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू, जिल्लास्तरमा जिल्ला जनस्वास्थ्य कार्यालयहरु, अञ्चल तथा क्षेत्रीय अस्पतालहरुको स्थापना भएको थियो। सोही क्रममा प्रदेश नं. ५ भित्र पनि विभिन्न तहमा आधुनिक तथा आयुर्वेदिक स्वास्थ्य प्रणालीका विभिन्न अस्पतालहरु,प्राथमिक स्वास्थ्य केन्द्रहरु र स्वास्थ्य चौकीहरु स्थापना भएका छन्।

प्रदेश नं. ५ अन्तर्गत स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका सन्दर्भमा नेपाल सरकारद्वारा वि.सं २०२६ सालमा अक्जुलरी नर्स मिडवाइफ (अ.न.मि.) तालिम स्कूलका रुपमा नेपालगन्ज नर्सिङ्ग क्याम्पसको स्थापना भएको थियो। वि.सं. २०४३ सालमा दाङमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना पश्चात आयुर्वेदमा स्नातक स्तरीय जनशक्ति उत्पादनका लागि व्याचलर अफ आयुर्वेदिक मेडिसिन एण्ड सर्जरी अध्ययन को शुरुवात भएको हो। निजी क्षेत्रको लगानीमा आधुनिक चिकित्सा सेवाका जनशक्ति उत्पादनका लागि विभिन्न समयमा प्रदेश नं. ५ भित्र चार वटा मेडिकल कलेजहरु स्थापना भई सञ्चालनमा रहेका छन्।

हाल प्रदेश सरकारको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पुरा गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य प्रयोगशाला जस्ता नयाँ संरचनाको स्थापना गर्नुका साथै जिल्ला अस्पताल, विशेषज्ञ तथा विशिष्टीकृत सेवा प्रदान गर्ने अस्पतालहरु तथा जिल्ला स्थित स्वास्थ्य कार्यालयहरु प्रदेश सरकारलाई हस्तान्तरण भएका छन्। प्रदेश सरकारले प्रथम आवधिक योजनाको आधारपत्र र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति सम्बन्धी ऐन, २०७५ जारी गरेको छ।

## ख) विद्यमान स्थिति

प्रदेश नं. ५ को वस्तुस्थिति विवरण अनुसार नेपालको कुल जनसंख्याको करिब १७ प्रतिशत जनसंख्या बसोबास गर्ने यस प्रदेशको

जनघनत्व २५२.६ प्रतिवर्ग कि.मि. रहेको छ, जुन राष्ट्रिय जनघनत्व (१८० प्रतिवर्ग कि.मि.) भन्दा बढी हो।प्रदेश नं. ५ को कुल प्रजनन् दर राष्ट्रिय कुल प्रजनन दर (२.३) भन्दा बढी (२.४) रहेको छ।बहुआयामिक गरिबी सूचकांक अनुसार प्रदेशको गरिबी (२९.९२) राष्ट्रिय  स्तर (२८.६२) भन्दा धेरै छ।अनुमानित आयु ६७.५ वर्ष रहेको यस प्रदेशमा ५५ प्रतिशत घरधुरीलाई नजिकको स्वास्थ्य संस्था पुग्न ३० मिनेट भन्दा बढी समय लाग्ने देखिन्छ।हाल प्रदेश भित्रका सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य जनशक्ति र जनसंख्याको अनुपात हेर्दा प्रति एक जना डाक्टर २०४०६ जनसंख्या ,प्रति एक प्यारामेडिक्स १९८२ जनसंख्या र प्रति एक जना नर्स २८१२ जनसंख्या रहेको छ।

सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सम्बन्धी वार्षिक प्रतिबेदन २०७४/७५ का अनुसार यस प्रदेशमा स्वास्थ्य सेवा प्रवाह गर्ने सरकारी अस्पताल २०, प्राथमिक स्वास्थ्य केन्द्र ३०, स्वास्थ्य चौकी ५७०, शहरी स्वास्थ्य केन्द्र ६१,सामुदायिक स्वास्थ्य ईकाइ ६६, गाँउघर क्लिनिक १९४२, खोप क्लिनिक २७०४, महिला स्वास्थ्य स्वयम् सेविका (म.स्वा.स्वं.से.) ८९९४, वर्थिङ सेन्टर ३६३, आयुर्वेद औषधालय ४६, प्रादेशिक आयुर्वेद चिकित्सालय १, आयुर्वेद चिकित्सालय २ र आयुर्वेद स्वास्थ्य केन्द्र ८ रहेका छन्।यसैगरि आधारभूत आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा केन्द्र ३२, वृहत आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा केन्द्र १४ छन्।

सन् २०१६ मा भएको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार यस प्रदेशमा प्रति हजार जीवित जन्म मध्ये नवजात शिशुको मृत्युदर ३०, शिशु मृत्युदर ४२ तथा ५ बर्ष मुनिका बालबालिकाको मृत्युदर ४५ रहेको छ जुन राष्ट्रिय तथ्याङ्क (क्रमशः २१, ३२ र ३९) भन्दा उच्च छ। यो अवस्था दलित, जनजाती तथा आर्थिकस्तर न्यून भएका समुदायमा झनै बढी रहेको छ। यस्तै पूर्ण खोप पाउने बालबालिका ७८ प्रतिशत मात्र रहेको यस प्रदेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्वास्थ्य सेवाले थप र व्यवस्थित प्रयास गर्नुपर्ने देखिन्छ। ५ वर्ष मुनिका बालबालिकाहरुमा ३९ प्रतिशतमा पुड्कोपन, ८ प्रतिशतमा ख्याउटेपन तथा २७ प्रतिशतमा न्यून तौल रहेको छ।यस्तै ५३ प्रतिशत ६-५९ महिना सम्मका बालबालिकाहरु र ४४ प्रतिशत १५-४९ वर्षका प्रजनन उमेरका महिलाहरु रक्त अल्पताबाट ग्रसित छन्।साथै १९ प्रतिशत १५-४९ वर्षका प्रजनन उमेरका महिलाहरुमा कम तौलको समस्या रहेको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार ४ पटक गर्भवती जाँच गराउने १५-४९ वर्षका महिलाहरु ६७.३ प्रतिशत, स्वास्थ्य संस्थामा सुत्केरी गराउने ५९.४ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी सेवा पाउने महिला ५६.६ प्रतिशत तथा दुई दिन भित्रमा सुत्केरी पश्चातको जाँच गराउने महिला ६०.४ प्रतिशत रहेका छन्, जुन राष्ट्रिय अवस्था भन्दा कमजोर हो। राष्ट्रिय तथ्याङ्क अनुसार मातृ मृत्युदरको अनुपात २३९ प्रतिलाख जीवित जन्म रहेको छ भने सन् २०३० सम्म ७० मा झार्ने दिगो विकास लक्ष्य छ। यस्तै प्रदेश नं. ५ मा परिवार नियोजनको आधुनिक साधन प्रयोग दर

३८.९ रहेको मा सन् २०३० सम्म ६० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ।

भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक विविधतायुक्त यस प्रदेशमा सिकलसेल एनेमिया, थालासेमिया जस्ता विशेष प्रकृतिका रोगहरुका साथै डेंगु, औलो, क्षयरोग, कुष्ठरोग, कालाजार रोगको प्रभाव उच्च रहेको छ।

आरामदायी जीवनशैली, मदिरा तथा सूर्तीजन्य पदार्थको सेवन लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ। प्रदेश नं. ५ मा ९.५ प्रतिशत दीर्घ श्वास-प्रश्वास सम्बन्धि रोग, ४४ प्रतिशत उच्च रक्तचाप, ९.६ प्रतिशत मधुमेह तथा ५.७ प्रतिशत मृगौलाका रोगीहरु रहेका छन्।

## ३. विद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसर

### ३.१. समस्या

प्रदेशभित्र आवश्यक पूर्वाधार सहितका विशिष्टीकृत तथा विशेषज्ञ सेवा प्रदान गर्ने अस्पताल नहुनु साथै उपलब्ध भएको सेवाको उपयोग पनि प्रर्याप्त नहुनु, उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर र दक्षतामा आशातित उपलब्धी नहुनु, अपर्याप्त दरबन्दी तथा जनशक्तिको उचित व्यवस्था नहुनु, कर्मचारीहरुको वृत्ति विकास साथै स्वास्थ्य कर्मीहरुको उत्प्रेरणा र प्रवृत्तिमा कमी, समय सापेक्ष स्वास्थ्यका विभिन्न कार्यक्रमहरुमा पाठ्यक्रम परिमार्जन नहुनु विद्यमान स्वास्थ्य समस्याका रुपमा रहेका

छन्। यस्तै प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवम् एकीकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, प्रयोग तथा विश्लेषण नहुनु, निजी क्षेत्रको सूचना एकीकृत गर्न नसक्नु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि पर्याप्त सूचना नहुनु तथा खण्डीकृत खरिद प्रकृयाले लागत प्रभावकारीता नहुनु, भण्डारणको उपयुक्त व्यबस्था नहुनु, अत्यावश्यक तथा निःशुल्क औषधि खरिदका लागि पर्याप्त बजेट र लगानी नपुग्नु, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, आकस्मिक तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न संवैधानिक व्यवस्था भए अनुरुप सबै बडाहरुमा स्वास्थ्य संस्थाहरु नहुनु, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परीक्षण आदि पालना नगरिनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी बीचको बुझाईमा भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन नसक्नु जस्ता समस्याहरु विद्यमान रहेका छन्।

## ३.२. चुनौती

परिवर्तित सन्दर्भमा विभिन्न तहहरु बीचको समन्वय कायम गर्नु, स्रोत तथा साधनहरुको व्यवस्थापन, समयानुकूल विधि तथा प्रविधिमा दक्ष जनशक्ति व्यवस्थापन गर्नु तथा भएका जनशक्तिहरुको समय सापेक्ष व्यवस्थापन गर्नु, प्रविधि मैत्री एकीकृत सूचना प्रणाली र स्वास्थ्य सूचनाहरुको विश्लेषण र व्याख्या गर्ने सीप र दक्षता, विभिन्न तहहरुमा गुणस्तरको सुनिश्चितता गर्नु स्वास्थ्य क्षेत्रका चुनौती हुन्। स्वास्थ्य उपकरण तथा औजारहरुको मानक तर्जुमा गर्नु र बजारमा सहज

उपलब्धता कायम गर्नु, महामारी र विशेष अवस्थामा चाहिने बफरस्टक तथा डाईग्नोष्टिक किटको व्यवस्था र सहि प्रयोग गर्नु, खोप सेवाको लागि कोल्ड चेन व्यवस्थापन, सबै तहहरुमा स्वास्थ्यमा गर्नुपर्ने लगानीको एकरुपता बुझाई, आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु, लक्षित वर्गको पहिचान गरि सर्वव्यापी पहुँच स्थापित गर्नु, सामाजिक तथा सांस्कृतिक व्यवधानहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार विभिन्न तहमा सञ्चालित कार्यक्रमको संचालन र अनुगमन प्रभावकारी बनाउनु, तहगत तथा अन्य प्रशासनिक निकायहरु बिच समन्वय, जवाफदेहीताको अवस्थालाई प्रभावकारी बनाउँदै पेशागत समूहहरुको व्यवस्थापन, विधि र व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु, निःशुल्क वितरण गरिने औषधिहरू सहज रुपमा उपलब्ध गराउनु वर्तमान स्वास्थ्य क्षेत्रका चुनौतीहरु छन्। सीमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजनका सेवा लगायत आधारभूत स्वास्थ्य सेवाहरू पुऱ्याउनु र दक्ष जनशक्ति उपलब्ध गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ३.३. अवसर

स्वास्थ्य संस्थाहरूको प्रदेशव्यापी सञ्जाल तयार हुनु, बजारमा दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण उपलब्ध हुनु, सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दै जानु, कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने, स्थानीयस्तरबाट कार्यान्वयन तथा प्रभावकारी अनुगमन हुनु वर्तमान अवस्थामा स्वस्थ्य क्षेत्रका अवसरहरु छन्। निजी तथा गैह्रसरकारी क्षेत्रसँग सहकार्य, प्रादेशिक जनशक्तिको रणनीति तयार

गरि लागु गर्न सकिने, स्थानीय तहहरुलाई अधिकार प्राप्त हुनु, एकीकृत सूचना प्रणालीको स्थापना गरि सूचनाको सही प्रयोग गर्न सकिने अवस्था, विधि प्रविधिको पहुँचमा बृद्धि, विभिन्न सेवामा मूल्यको मापदण्ड तोक्न सकिने, संघीय संरचनागत भूमिकाले गर्दा स्थानीय तहले नै निर्णय गर्न सक्ने, Standardization list तथा specification bank को स्थापना गरि उपयुक्त प्रयोग गर्न सकिने परिस्थिती हुनु स्वास्थ्य क्षेत्रका विद्यमान अवसरहरु हुन्। प्रादेशिक स्वास्थ्य वित्तीय रणनीति बनाई लागु गर्न सकिने, लागत सहितको कार्ययोजना बनाई लागु गर्न सकिने, प्रदेश तथा स्थानीय तहमा वार्षिक कार्ययोजना र बजेट तयार गर्न सकिने, जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था, प्रदेशिक र स्थानीय तहले आ-आफ्नो नीति र कार्यविधि तय गरि कार्यान्वयन गर्न सकिने तथा जनप्रतिनिधिहरुको उत्साह र प्रतिवद्धता रहनु स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन्। यसै गरि निजी, गैह्रसरकारी तथा सरकारी साझेदारी, प्रदेशभित्र रहेका सडक सञ्जाल, सञ्चार माध्यमहरुको विकास र बिस्तार, दूर चिकित्सा तथा हवाई उद्धारको व्यवस्था आदि स्वास्थ्य क्षेत्रको विकासको लागि अवसरहरु रहेका छन्।

## ४. प्रादेशिक स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१. औचित्य

स्वास्थ्य क्षेत्रका विद्यमान समस्या तथा चुनौतिहरूको सम्बोधन गरि गुणस्तरीय स्वास्थ्य सेवामा प्रदेशबासीको संविधान प्रदत्त हक

सुनिश्चित गर्न एवम् संघीय संरचना अनुरूप विद्यमान स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रमहरूलाई प्रदेशको प्राथमिकता अनुकूल हुने गरि प्रदेश स्वास्थ्य नीति प्रतिपादन गर्न आवश्यक छ। विद्यमान स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै प्राप्त उपलब्धिहरू दिगो राख्दै थप उपलब्धीहरु हासिल गर्न राज्यको संघीय संरचना अनुरुप प्राप्त अधिकार क्षेत्र तथा दायित्वअनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहकालागि मार्गदर्शन गर्नु अपरिहार्य छ। नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि यो नीति अपरिहार्य छ।

## ४.२. निर्देशक सिद्धान्त

प्रदेशले स्वास्थ्य नीति तयार गर्दा यसका केही मूल निर्देशक सिद्धान्त प्रतिपादन गरि सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन्। प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा प्रदेशको स्वास्थ्य नीति, २०७७ को कार्यान्वयन गरिनेछ ।

४.२.१ गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच,

४.२.२ अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य,

४.२.३ सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा,

४.२.४ पर्याप्त लगानी र समुचित उपयोगको सुनिश्चितता,

४.२.५ सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता

४.२.६ स्वास्थ्य सेवामा नवीनता तथा सिर्जनशीलता

## ४.३. भावी सोच

समृद्ध प्रदेशका लागि स्वस्थ र खुसी नागरिक ।

**४.४. ध्येय**

प्रदेशबासीको स्वस्थ रहन पाउने मौलिक हकको सुनिश्चितता गर्ने।

**४.५. लक्ष्य**

समतामूलक एवम् सुदृढ स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरि प्रदेशबासीको स्वास्थ्य अवस्थामा उच्चतम सुधार ल्याउने।

**४.६. उद्देश्यहरू**

४.६.१ सबै तहमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम र प्रभावकारी स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्नु।

४.६.२ आर्थिक, सामाजिक तथा भौगोलिक रुपमा पिछडिएका लगायत सबै प्रदेशबासीले सबै तहबाट सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरि सेवाको पहुँच अभिबृद्धि गर्नु।

४.६.३ स्वस्थ जीवनशैली प्रबर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकूल असर गर्ने कारक तत्वहरुलाई निरुत्साहित गर्नका लागि अनुकूल वातावरण सिर्जना गर्नु।

४.६.४ आपतकालीन र विपद्को अवस्थामा स्वास्थ्य सेवा प्रवाह प्रभावकारी रुपमा अविच्छिन्न उपलब्ध गराउनु।

४.६.५ स्वास्थ्य सेवा व्यवस्थापनमा अन्तर सरकारी, सामुदायिक तथा बहुपक्षीय समन्वय, साझेदारी र सहकार्य गर्ने साथै

आवश्यकता अनुरुप निजी र गैरसरकारी क्षेत्रसँग समेत सहकार्य गर्नु।

४.६.६ सुशासन, जवाफदेहिता र जिम्मेवारीपनको प्रबर्द्धन गरि स्वास्थ्य सेवालाई जनउत्तरदायी बनाउनु।

४.६.७ स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि र समुचित प्रयोग गरि स्वास्थ्य समस्याका कारणले पर्ने व्यक्तिगत व्ययभारको अनुपात कम गर्नु।

## ५. नीतिहरू

प्रदेशको विशिष्टीकृत भौगोलिक तथा प्रादेशिक अवस्था तथा मौजुदा स्वास्थ्य सेवासम्बन्धी समस्या र चुनौतिलाई सम्बोधन गर्दै प्रदेशका नागरिकहरुको सेवामा पहुँच तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले देहायका नीति अवलम्बन गरेको छ।

५.१. प्रदेशभित्रका सबै तहका स्वास्थ्य संस्थाबाट निःशुल्क, आधारभूत र आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

५.२. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै समतामूलक पहुँच बृद्धि गरिनेछ।

५.३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधि, औषधिजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।

५.४. स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ गर्न दक्ष जनशक्ति उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन गरिनेछ।

५.५. आयुर्वेद तथा प्रदेशमा प्रचलित अन्य परम्परागत, प्राकृतिक चिकित्सा, योग लगायत वैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत, विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराइनेछ।

५.६. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) का आधारमा प्रादेशिक मापदण्ड तयार गरि स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

५.७. सामाजिक, आर्थिक, भौगोलिक, लैंगिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोग बृद्धि गरिनेछ।

५.८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।

५.९. नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक (Palliative) स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

५.१०. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकूल वातावरण सुनिश्चित गरिनेछ।

५.११. बढ्दो शहरीकरणबाट उत्पन्न हुने स्वास्थ्य समस्याहरुको व्यवस्थापनको लागि शहरी स्वास्थ्य प्रबर्द्धन योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

५.१२. स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ र उत्पादन तथा पहुँचमा बृद्धि गर्न आवश्यक समन्वय गरिनेछ।

५.१३. विपद् वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरु तथा महामारी न्यूनीकरण एवम् प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

५.१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।

५.१५. स्वास्थ्य क्षेत्रका प्रगती एवम् उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हासिल गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५.१६. विभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

५.१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

५.१८. अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई प्रबर्द्धन गर्दै निष्कर्शको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरि लागु गरिनेछ।

५.१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकीकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।

५.२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममूखी बनाईने छ।

५.२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवम् सिकल सेल एनेमिया,थालासेमिया जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरु तथा खुला सिमानाबाट भित्रिन सक्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।

५.२२. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरि स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।

५.२३. प्रदेशमा आउने र प्रदेशबाट बाहिर जाने व्यक्तिहरुको स्वास्थ्य सुरक्षालाई जोड दिदै प्रदेशभित्र स्वास्थ्य पर्यटनको प्रबर्द्धन गरिनेछ।

५.२४. जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

**प्रमुख रणनीतिहरू**

यस प्रादेशिक स्वास्थ्य नीतिको निर्देशक सिद्धान्तको आधारमा तय गरिएका उद्देश्यहरु हासिल गर्न प्रत्येक नीति अन्तर्गत निम्नानुसार रणनीतिहरु तय गरिएको छ।

**५.१. प्रदेशभित्रका सबै तहका स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ।**

५.१.१ तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा स्थानीय तहसँग आवश्यक समन्वय, सहकार्य र स्रोत व्यवस्थापन गरिनेछ।

५.१.२ संघ तथा स्थानीय तहसँग समन्वय गरि प्रत्येक स्थानीय तहमा न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरिनेछ।

५.१.३ राजमार्ग तथा सडकहरुमा हुने दुर्घटनाका प्रभावितलाई अस्पतालसम्म पुग्नु पूर्व आकस्मिक चिकित्सा विज्ञ तथा दक्ष स्वास्थ्यकर्मीद्वारा द्रुत स्वास्थ्य सेवा प्रदान गर्ने प्रणालीको विकास गरिनेछ।

५.१.४ आकस्मिक अवस्था परी स्वास्थ्य संकटमा रहेका बेला निर्धारित मापदण्डको आधारमा शीघ्र उपचारको लागि हवाई माध्यमबाट उद्धार गर्ने व्यवस्था मिलाइनेछ।

५.१.५ सडक दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न रणनैतिक स्थानहरुमा ट्रमा सेवा केन्द्रहरुको स्थापना गरि शीघ्र उपचारको व्यवस्था मिलाईनेछ।

५.१.६ आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउन आवश्यकता अनुसार सेवा प्रदायक संस्था र सेवाको सूची थप गरिनेछ।

**५.२. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै समतामूलक पहुँच बृद्धि गरिनेछ।**

५.२.१ प्रादेशिक अस्पतालहरुबाट मापदण्ड अनुसारका विशिष्टीकृत तथा अन्य अस्पतालहरुबाट विशेषज्ञ सेवा उपलब्ध गराई स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गरिनेछ।

५.२.२ स्वास्थ्य वीमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरि स्वास्थ्य उपचार कोषको

माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरिनेछ।

५.२.३ योजनावद्ध विशेषज्ञ स्वास्थ्य शिविरको आवधिक संचालन तथा दूर चिकित्सा विधि मार्फत विशेषज्ञ स्वास्थ्यको पहुँचमा वृद्धि गरिनेछ।

५.२.४ संघ, स्थानीय तह तथा सरोकारवालाहरु सँगको सहकार्यमा सुबिधा सम्पन्न अक्सिजन प्लान्ट, रक्तसंचार सेवा केन्द्रहरु स्थापना तथा विस्तार गरिनेछ।

५.२.५ मुख, आँखा, नाक, कान, घाँटी स्वास्थ्य लगायतका विशेष उपचार सेवालाई प्रदेश अन्तर्गतका सबै अस्पतालहरुमा विकास तथा बिस्तार गर्दै लगिनेछ।

५.२.६ प्रदेशभित्रका अस्पतालहरुमा तालिम प्राप्त दक्ष जनशक्ति तथा आवश्यक पूर्वाधार सहितको शव व्यवस्थापनको व्यवस्था गरिनेछ।

५.२.७ विपन्न नागरिकको लक्षित गरि अति विपन्न नागरिक स्वास्थ्य सहयता कोषको स्थापना गरि संचालन गरिनेछ।

५.२.८ जिल्लास्थित अस्पतालहरुलाई न्युनतम ५० शैय्यामा स्तरोन्नती गर्ने तथा प्रादेशिक अस्पतालहरुलाई प्रविधियुक्त र सुबिधा सम्पन्न पूर्वाधार सहितको नमुना अस्पतालको रुपमा विकास गरिनेछ ।

५.२.९ प्रदेशभित्र विशिष्टीकृत सेवा प्रदान गर्न बाल तथा प्रसूति अस्पताल र संक्रामक रोग अस्पताल स्थापना गरि सञ्चालन गरिनेछ।

५.२.१० प्रदेशभित्रका अस्पतालहरुमा तोकिएको मापदण्ड अनुरुपको फार्मेसी सेवा बिस्तार तथा सुदृढीकरण गरिनेछ।

**५.३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधि, औषधि जन्य सामग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।**

५.३.१ संघ तथा स्थानीय तहसँगको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधिजन्य सामग्रीहरु प्रदेशको आवश्यकता अनुसार थप गरि सहज रुपमा उपलब्ध भएको सुनिश्चत गरिनेछ।

५.३.२ स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गरिनेछ।

५.३.३ प्रदेशभित्र तोकिएको मापदण्ड अनुरुप गुणस्तरीय औजार, उपकरणको आपूर्ति व्यवस्था सुदृढ तथा सुनिश्चित गरिनेछ।

५.३.४ गुणस्तरीय औषधि, औषधि जन्य सामाग्री, औजार/उपकरण उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

५.३.५ प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना गरि समयानुकूल सुदृढ गरिनेछ।

५.३.६ प्रदेशस्तरीय स्वास्थ्य निर्देशनालय, स्वास्थ तालिम केन्द्र, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र लगायत प्रदेशको

स्वामित्वमा रहेका अस्पतालहरुको गुरुयोजना निर्माण गरि सो अनुरुप पुर्वाधार निर्माण गरिनेछ।

५.३.७ प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र तोकिएको मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरिनेछ।

५.३.८ निश्चित कार्यविधि र मापदण्डको विकास गरि औषधि, उपकरण र औषधि-जन्य सामग्रीहरू खरिद, ढुवानी तथा वितरण पद्धति, औषधिको गुणस्तर सम्बोधन गर्न तथा बजार मूल्य नियन्त्रणको सुनिश्चितताका लागि प्रभावकारी नियमनको व्यवस्था अवलम्बन गरिनेछ।

५.३.९ प्रतिजैविक प्रतिरोध र स्वास्थ्य उपकरणबाट हुने विकिरणबाट जोगाउन मापदण्ड तयार गरि लागु गरिनेछ।

५.३.१० स्वास्थ्यजन्य सामाग्री तथा उपकरणहरुको बिशेष प्रादेशिक मापदण्ड निर्माण गरि कार्यन्वयनमा ल्याइनेछ।

**५.४. स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ गर्न दक्ष स्वास्थ्य जनशक्ति उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन गरिनेछ।**

५.४.१ जनस्वास्थ्य, आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा लगायत स्वास्थ्य क्षेत्रमा आवश्यक अन्य प्रकारका जनशक्तिको उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन रणनीति तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

५.४.२ स्वास्थ्य सेवालाई परिवेश अनुकूल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन

सर्वेक्षण (O&M) गरि सोही अनुसारको संगठनात्मक संरचना तथा जनशक्ति व्यवस्था गरिनेछ।

५.४.३ स्वास्थ्य क्षेत्रमा उत्पादित जनशक्तिलाई समुचित परिचालन तथा व्यवस्थापन गर्न संघ तथा स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ।

५.४.४ मातृ तथा शिशु मृत्युदर र रुग्णता घटाउनका लागि उपलब्ध नर्सिङ जनशक्तिलाई दक्ष प्रसूतिकर्मी (SBA) को तालिम प्रदान गर्दै दीर्घकालीन रुपमा प्रोफेशनल मिडवाईफ तथा नर्सिङ प्राक्टिसनर उत्पादन गरि परिचालन गरिनेछ।

५.४.५ स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकूल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मिको क्षमता अभिवृद्धि गरिनेछ।

५.४.६ आवश्यकता अनुसार सीप मिश्रित (Skill Mixed) जनशक्तिको उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन रणनीति तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

५.४.७. प्रादेशिक अस्पतालहरुबाट प्रदेशको आवश्यकता अनुसारको दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक रणनीति तयार गरि लागु गरिनेछ।

५.४.८ स्वास्थ्य तालिमको मापदण्ड निर्माण गरि यसलाई प्रमाणीकरण (Certification) पद्धतिमा विकास गर्दै आवासीय, गैरआवासीय, अनलाईन तालिमहरु संचालन गरिनेछ।

५.४.९ स्वास्थ्य संस्थामा कार्य-सम्पादनमा आधारित जनशक्ति व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ। यस प्रक्रियामा दुर्गम क्षेत्रमा काम गर्ने जनशक्तिको वृत्तिविकासमा बिशेष प्राथमिकता दिइनेछ।

**५.५. आयुर्वेद तथा प्रदेशमा प्रचलित अन्य परम्परागत, प्राकृतिक चिकित्सा, योग लगायत वैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत, विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गरिनेछ।**

५.५.१ आधारभूत आयुर्वेद एंव वैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा सबै स्थानीय तह सम्म आवश्यक संस्थागत संरचनाको व्यवस्था गरिनेछ।

५.५.२ प्रादेशिक आयुर्वेद चिकित्सालयमा विशिष्टीकृत सेवा, जिल्लास्तरमा आयुर्वेद स्वास्थ्य केन्द्रबाट विशेषज्ञ सेवा र तल्लो निकायहरुबाट राष्ट्रिय स्वास्थ्य कार्यक्रम सँग एकीकृत गर्दै आयुर्वेद एवम् वैकल्पिक चिकित्सा सेवा प्रदान गरिनेछ।

५.५.३ दीर्घरोग, नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा उपचार, मातृ तथा बाल स्वास्थ्य प्रबर्द्धन, पोषण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई प्राथमिकता दिईनेछ।

५.५.४ आयुर्वेद एवम् वैकल्पिक चिकित्सा सेवाको मौलिकता कायम राख्दै समयानुकूल आधुनिकीकरण गर्दै लगिनेछ।

५.५.५ प्रदेश तहमा आवश्यक अध्ययन, अनुसन्धान तथा पूर्वाधारको विकास, जडिवुटि प्रशोधन तथा उत्पादन केन्द्रको स्थापना तथा सञ्चालन गरि आयुर्वेद औषधिमा आत्मनिर्भर बनाइनेछ।

५.५.६ आधारभूत आयुर्वेद एंव वैकल्पिक चिकित्साको प्रादेशिक न्यूनतम सेवा मापदण्ड, चिकित्सा मापदण्ड तथा प्रोटोकल तयार गरि स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

**५.६. न्यूनतम सेवा मापदण्ड** (Minimum Service Standard) **तथा राष्ट्रिय चिकित्सा मापदण्ड** (National Medical standard) **का आधारमा प्रादेशिक मापदण्ड तयार गरि स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।**

५.६.१ न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा स्थानीय तहसँगको समन्वयमा सम्पूर्ण तहहरुका सबै चिकित्सा पद्धतीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ।

५.६.२ स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि स्थानीय तह सँगको समन्वयमा अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ।

५.६.३ स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

**५.७. सामाजिक, आर्थिक, भौगोलिक, लैंगिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोग बृद्धि गरिनेछ।**

५.७.१ स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न स्वास्थ्य सेवाको पहुँच बाहिर परेका समूहहरुलाई समेट्ने रणनीति तयार गरि लागु गरिनेछ।

५.७.२ बिपन्न, अपाङ्ग, तेस्रोलिङ्गी, अल्पसंख्यक, लोपोन्मुख, बालवालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिला, महिला स्वास्थ्य स्वंयसेविका तथा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा र सामाजिक सुरक्षामा प्राथमिकता दिइनेछ।

५.७.३ स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न अस्पतालहरुमा सामाजिक सुरक्षा इकाई स्थापना र सुदृढीकरण गरिनेछ।

५.७.४ स्थानीय तहसँग समन्वय गरि पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरि स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ।

५.७.५ लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग वृद्धि गर्न तत् समुदायका स्वास्थ्यकर्मी उत्पादन गरि सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागु गरिनेछ।

५.७.६ कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेष कार्यक्रम बनाई लागु गरिनेछ।

**५.८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।**

५.८.१ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ।

५.८.२ यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा बनेका विद्यमान ऐन, नीति तथा रणनीतिक व्यवस्थालाई प्रदेशको आवश्यकताका आधारमा परिमार्जन गरि लागु गरिनेछ।

५.८.३ स्थानीय तहसँगको समन्वयमा प्रदेशका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ।

५.८.४ विभिन्न वर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरि आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागु गरिनेछ।

५.८.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ। लैंगिक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ।

५.८.६ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै प्रदेशभित्रका अस्पतालहरुमा तहगत रुपमा नवजात शिशु सेवा बिस्तार गरिदै लगिनेछ।

५.८.७ आवश्यकता अनुसार अस्पतालहरुमा एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रको स्थापना र सुदृढीकरण गरिनेछ।

५.८.८ प्रजनन् स्वास्थ्य सम्बन्धि रुग्णता तथा अशक्ततालाई सम्बोधन गर्न आवश्यक कार्ययोजना तयार गरि लागु गरिनेछ।

**५.९. नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा प्रवाह गरिनेछ।**

५.९.१ स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार विहार, स्वस्थवृत्त, सदवृत्त, व्यायाम, योग तथा ध्यान विधि प्रबर्द्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वास्थ्य हरित पार्क, पूनर्स्थापना केन्द्र लगायतका केन्द्रहरु स्थापना गरिनेछ।

५.९.२ विशिष्टीकृत सेवा प्रदान गर्ने अस्पतालहरुमा प्रशामक सेवा उपलब्ध गराइनेछ।

५.९.३ मुटुरोग, मधुमेह, मृगौला रोग, दीर्घ श्वास-प्रश्वास सम्बन्धि रोग, मष्तिष्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापनका लागि Package of Essential Non-Communicable (PEN) Disease Interventions लाई

विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिनेछ।

५.९.४ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि आधुनिक तथा आयुर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ।

५.९.५ लागु पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरिनेछ।

**५.१०. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकूल वातावरण सुनिश्चित गरिनेछ।**

५.१०.१ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि प्रदेशस्तरीय स्वास्थ्य प्रबर्द्धन रणनीति तयार गरि लागु गरिनेछ।

५.१०.२ स्वास्थ्य उपचारको जानकारी पाउने हकलाई सुनिश्चित गर्न सुसूचित स्वास्थ्य सेवा प्रवाहमा जोड दिईनेछ।

५.१०.३ प्रवर्धनात्मक, प्रतिकारात्मक तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि स्थानीय तहको समन्वय र सहकार्यमा शिक्षण संस्थाहरुमा नर्सको व्यवस्था गरिदै लगिनेछ।

५.१०.४ स्वास्थ्य, पोषण, जीवन उपयोगी सीप, वृहत यौनिकता शिक्षा तथा सूचना, सिकलसेल एनेमिया तथा थालासेमिया, आयुर्वेद तथा वैकल्पिक चिकित्सापद्धती,

योग लगायत बिषयहरु विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरि लागु गर्न अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ।

५.१०.५ स्वास्थ्य प्रबर्द्धनको लागि समुदायका राजनीतिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ।

५.१०.६ दुर्घटनालगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**५.११. बढ्दो शहरीकरणबाट उत्पन्न हुने स्वास्थ्य समस्याहरुको व्यवस्थापनको लागि शहरी स्वास्थ्य प्रबर्द्धन योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ।**

५.११.१ आधारभूत स्वास्थ्य सेवामा पहुँच तथा उपयोग बढाउन शहरी स्वास्थ्य सेवा केन्द्रहरु स्थापना तथा संचालन गर्न स्थानीय तहहरुसँग सहकार्य गरिनेछ।

५.११.२ शहरी क्षेत्रमा एकीकृत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहको समन्वयमा सामुदायिक र निजी स्वास्थ्य संस्था सँग सहकार्य गरिनेछ।

५.११.३ शहरीकरणबाट उत्पन्न हुने स्वास्थ्य समस्याको न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रादेशिक शहरी स्वास्थ्य रणनीति तयार गरि कार्यान्वयन गरिनेछ।

**५.१२. स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ र उत्पादन तथा पहुँचमा बृद्धि गर्न आवश्यक समन्वय गरिनेछ।**

५.१२.१ पोषण संवेदनशील कृषि उत्पादन तथा उपभोगको प्रर्वद्धन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र पैरवी गरिनेछ।

५.१२.२ संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजनालाई प्रदेशको परिवेश अनुकूल बनाई कार्यान्वयन गरिनेछ।

५.१२.३ बहुक्षेत्रीय समन्वयको माध्यमबाट बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिला तथा जेष्ठ नागरिकहरुको पोषण सुधारलाई प्राथमिकता दिइनेछ।

५.१२.४ स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार (Incompatible Food and Drinks) सेवन र पत्रु खानाको (Junk Food) बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियन्त्रण गरिनेछ।

५.१२.५ कुपोषित बालबालिकाहरुको पुनर्स्थापनाका लागि आवश्यकता अनुसार पोषण पूनर्स्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवम् बिस्तार गरिनेछ।

५.१२.५ दुग्धजन्य, मासुजन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरिनेछ।

५.१२.६ अति बिपन्न समुदायका महिला तथा बालबालिकाहरुको पोषण सुधारका निमित्त बिशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

**५.१३. विपद् वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरु तथा माहामारी न्यूनीकरण एवम् प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ।**

५.१३.१ जोखिम नक्साङ्कन तथा स्थानीय तहहरुको सहभागितामा जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

५.१३.२ प्रदेश स्तरीय स्वास्थ्य क्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरि कार्यान्वयन गरिनेछ। साथै स्थानीय तहसँगको समन्वयमा सरकारी, सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रबाट संचालित स्वास्थ्य संस्था, मेडिकल कलेज, नर्सिङ होमहरुमा समेत स्वास्थ्य क्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

५.१३.३ सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Provincial Health Emergency Operation Centre)

स्थापना गरि वडादेखि प्रदेश तहसम्म द्रूत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ।

५.१३.४ सम्भावित विपद् वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि तथा सामग्रीहरुको अतिरिक्त भण्डारण (Buffer Stock) राख्ने व्यवस्था गरिनेछ।

५.१३.५ प्रदेश, जिल्ला तथा स्थानीय तहहरुमा द्रूत प्रतिकार्य टोली (RRT) तथा आकस्मिक चिकित्सकीय टोली (EMT) गठन गरि अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ।

**५.१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।**

५.१४.१ स्थानीय तहसँग समन्वय र सहकार्य गरि खुला दिशामुक्त प्रदेशबाट पूर्ण सरसफाईयुक्त प्रदेश बनाईनेछ र सो को दिगोपनाको योजना तयार गरि कार्यान्वयन गरिनेछ।

५.१४.२ प्रदेशभित्र खानेपानी, वायु तथा ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण गरि कार्यान्वयन र नियमन गरिनेछ।

५.१४.३ सरकारी तथा व्यवसायिक रुपमा प्रदेशभित्र उपलब्ध खानेपानीको गुणस्तर सुनिश्चितताको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ।

५.१४.४ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरि स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु तय गरि संचालन गरिनेछ।

५.१४.५ स्वास्थ्य सेवा जन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा उचित किसिमले फोहोरमैला संकलन, प्रशोधन र विर्सजनको व्यवस्था गरिनेछ र यस सम्बन्धमा प्रदेश फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गरिनेछ।

५.१४.६ किटनाशक विषादीको प्रयोगलाई नियमन तथा औद्योगिक रसायनको समूचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

**५.१५. स्वास्थ्य क्षेत्रका प्रगती एवम् उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हासिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइनेछ।**

५.१५.१ संघ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा हरेक नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समावेश गरिनेछ।

५.१५.२ बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरि अन्तर संस्थागत समन्वय सुनिश्चित गरिनेछ।

**५.१६. विभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।**

५.१६.१ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरिनेछ।

५.१६.२ औद्योगिक तथा उच्च जोखिम भएका कार्यस्थलहरुमा कार्यरत कामदारलाई जोखिम न्यूनीकरणका साथै अत्यावश्यक एवम् आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

५.१६.३ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन बिमा भएको सुनिश्चित गरिनेछ।

५.१६.४ कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ।

**५.१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजी क्षेत्रसँग साझेदारी गरिनेछ।**

५.१७.१ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजीसाझेदारी" रणनीति बनाई लागु गरिनेछ।

५.१७.२ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सिर्जना गरिनेछ।

५.१७.३ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रबर्द्धनको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

५.१७.४ सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित सेवा प्रवाहको प्रभावकारिताको नियमित अनुगमन, लेखाजोखा तथा आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ।

**५.१८. अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई प्रवर्द्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरि लागु गरिनेछ।**

५.१८.१ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न प्रादेशिक प्राथमिकताका क्षेत्रहरु पहिचान गरि सोको लागि प्राज्ञिक संस्था, बिद्यार्थीहरु लगायत अन्य निकायबाट गरिने स्वास्थ्य क्षेत्रका अनुसन्धानात्मक तथा शोधकार्यका स्रोतको व्यवस्थापन गरिनेछ।

५.१८.२ अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय र उपयोगी बनाउन विश्वविद्यालय, गैरसरकारी संस्था, निजी क्षेत्र, विज्ञ लगायत सरोकारवालासँग सहकार्यको लागि प्रबुद्ध वर्ग (Think Tank) को अवधारणा कार्यान्वयन गरिनेछ।

५.१८.३ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा अध्ययन तथा अनुसन्धानका निश्कर्षहरुलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिनेछ।

**५.१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न एकीकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ।**

५.१९.१ स्थानीय तहको समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरिनेछ।

५.१९.२ स्थानीय तहको समन्वयमा प्रत्येक उपमहानगर, नगर र गाउँ पालिकाहरुमा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरि सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिनेछ।

५.१९.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ।

५.१९.४ स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकीकृत बिद्युतीय सूचना प्रणालीको विकास गरि कार्यान्वयन गर्ने साथै संस्थागत स्मृति संरक्षणका लागि उचित व्यवस्था गरिनेछ।

५.१९.५ प्रदेश भित्रका अस्पतालहरुमा क्रमिक रुपमा ईलेक्ट्रोनिक मेडिकल रेकर्डिङ तथा रिपोर्टिङ सिस्टम लागु गरिनेछ।

## ५.२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाममूखी बनाईनेछ।

५.२०.१ स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानूनी व्यवस्थालाई प्रदेशभर प्रभावकारी रुपमा लागु गर्न आवश्यक समन्वय गरिनेछ।

५.२०.२ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ।

५.२०.३ स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलीकृत गर्न स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरि लागु गरिनेछ।

५.२०.४ सामाजिक लेखाजोखा, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था साथै गुनासो सुनुवाईको ब्यवस्था गरिनेछ।

५.२०.५ गैरसरकारी संघ संस्था, दातृ निकायहरु तथा निजी क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि उत्प्रेरित गर्दै आवश्यक सहजीकरण र अनुगमन गरिनेछ।

५.२०.६ सरकारी अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य कर्मचारीलाई मनोबल बृद्धि गर्न बिशेष सुबिधा प्रदान गरि विस्तारित स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

**५.२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवम् सिकल सेल एनेमिया, थालासेमिया जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरु तथा खुला सिमानाबाट भित्रिन सक्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।**

५.२१.१ स्थानीय तहहरु सँगको समन्वय र सहकार्यमा क्षयरोग, एचआइभी/एड्स तथा औलो लगायतका सरुवा रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

५.२१.२ रेबिज, सर्पदंश लगायतका पशुपंक्षीजन्य र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, हात्तिपाइले, स्क्रबटाइफस, कालाजार आदि रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा सेवा विस्तार गरिनेछ।

५.२१.३ सिकलसेल एनेमिया तथा थालेसिमिया रोगको रोकथाम र निःशुल्क उपचारको लागि उचित योजना बनाई कार्यान्वयन गरिनेछ।

५.२१.४ खुला सिमानाबाट भित्रिन सक्ने संक्रमक रोगहरुको स्क्रिनिङ्ग गरि रोग निगरानी (Surveillance Mechanism) पद्धतिलाई सुदृढ बनाउँदै रोकथाम तथा उपचारको व्यवस्था गरिनेछ।

**५.२२. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरि स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।**

५.२२.१ प्रदेश सरकारको कूल बजेटबाट क्रमशः बृद्धि गर्दै स्वास्थ्य क्षेत्रमा १० प्रतिशत पुर्याइनेछ।

५.२२.२ गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा सामाजिक उत्तरदायित्व बहनका लागि सहजीकरण गरि नियमन गरिनेछ।

५.२२.३ सामाजिक सुरक्षा योजनाहरु थप प्रभावकारी बनाई प्रदेशबासीको स्वास्थ्य आवश्यकताका आधारमा उपयुक्त रणनीतिहरु तय गरि लागु गरिनेछ।

५.२२.४ संघीय तथा स्थानीय सरकारसँगको समन्वयमा स्वास्थ्य वीमा कार्यक्रमलाई प्रदेशका सबै तहमा लागु गरि प्रदेशबासीको स्वास्थ्य वीमा सुनिश्चित गरिनेछ। अति गरिब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य वीमाको व्यवस्था गरिनेछ।

**५.२३. प्रदेशमा आउने र प्रदेशबाट बाहिर जाने व्यक्तिहरुको स्वास्थ्य सुरक्षालाई जोड दिदै प्रदेशभित्र स्वास्थ्य पर्यटनको प्रबर्द्धन गरिनेछ।**

५.२३.१ अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप प्रदेशभित्रको नाकाहरुमा स्वास्थ्य जाँचका लागि केन्द्रहरु स्थापना गरि देश बहिरबाट आउने नागरिकहरु तथा पर्यटकहरु बाट भित्रिन सक्ने रोगहरु नियन्त्रण गर्न स्वास्थ्य जाँच गरिनेछ।

५.२३.२ स्वास्थ्यलाई विकासको महत्वपूर्ण आधारको रुपमा विकास गर्दै प्रदेशभित्रका रणनैतिक पर्यटकीय क्षेत्रहरुमा

सुविधायुक्त अस्पताल, प्रजनन स्वास्थ्य सेवा केन्द्रहरु र प्राकृतिक चिकित्सा र ध्यान तथा योग केन्द्रहरु, स्थापना गरिनेछ।

**५.२४ जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ।**

५.२४.१ लैङ्गिक अनुपातको अधारमा यथार्थ जनसांख्यिकीय विवरण अद्यावधिक गरि लक्षित उमेर, वर्ग, क्षेत्र र सामाजिक समूहमा व्यवस्थित परिवार स्वास्थ्य कार्यक्रमहरूको तर्जुमा गरि लागु गरिनेछ।

५.२४.२ संघीय तथा स्थानीय तहको समन्वयमा जनसांख्यिक अध्ययन र अनुसन्धानलाई व्यवस्थित गरिनेछ।

५.२४.३ शहरी विकास योजना निर्माण गर्दा स्वास्थ्य तथा जनसंख्या सम्बन्धी विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न बहुपक्षीय समन्वय र सहकार्य गरिनेछ।

५.२४.४ स्थानीय तहको समन्वयमा आवश्यकता अनुरुप स्वास्थ्य संस्था स्थानान्तरण गरिनेछ।

## ६. संस्थागत व्यवस्था

६.१. नीति कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नेतृत्वमा स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र लगायतका प्रादेशिक स्तरका संरचनाहरु रहनेछन् । त्यस्तै

विशिष्टीकृत तथा विशेषज्ञ सेवा प्रवाहका लागि प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल, ट्रमा सेवा केन्द्र, मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरिङ सेन्टर, विस्तारित सेवा सहितको जनस्वास्थ्य वा प्रेषण प्रयोगशाला, क्षयरोग MDR होस्टल, पुनःस्थापना केन्द्र, OCMC तथा सेफ हाउस (Safe House) स्थापना गरिनेछ।

६.२ मानव संशाधन विकासका लागि प्रदेशस्तरीय स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अभिवृद्धिका लागि प्रदेश स्तरीय मानव संसाधन विकास केन्द्र रहने छन्।हरेक जिल्लामा स्वास्थ्य कार्यालय, स्थानीय तहसम्म प्राथमिक अस्पताल, ल्याव सेवा,आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा स्वास्थ्य चौकी तथा आवश्यकता अनुसार स्वास्थ्य इकाई सञ्चालनका लागि स्थानीय सरकारसँग आवश्यक सहयोग, समन्वय एवम् सहजीकरण गरिनेछ।

६.३ स्वास्थ्य सेवा अन्तर्गतका नियमनकारी निकायहरु जस्तै NMC, NAMC, NNC, NHPC आदिको प्रदेश स्तरमा आवश्यक संयन्त्र निर्माण गरिनेछ। साथै अध्ययन तथा अनुसन्धानात्मक कार्यलाइ व्यवस्थित गर्न आवश्यक संरचनागत व्यबस्था गरिनेछ।

६.४ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न प्रदेश तथा स्थानीय तहहरुमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यबस्था गरिनेछ।

६.५ प्रदेश मातहतका अस्पतालहरुमा सम्भाव्यताका आधारमा चिकित्सा बिषयको प्राबिधिक शिक्षण सँस्थाको रुपमा बिकास गरिनेछ।

## ७. वित्तीय स्रोत

यस नीतिको कार्यान्वयन मूलतः प्रदेश नं. ५ सरकारको नियमित बजेटबाट गरिनेछ। यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न प्रदेश सरकारका सबै मन्त्रालयहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन हुनेछन्। यसका साथै यो नीति कार्यान्वयन गर्न प्रदेश स्वास्थ्य क्षेत्र कार्यन्वयन रणनीति तथा लागत सहितको कार्य योजना निर्माण गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।

## ८. अनुगमन तथा मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास मन्त्रालयको हुनेछ।यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजना बनाइ लागु गरिनेछ । यसको लागि मन्त्रालयको संयन्त्र र क्षमता विकास गरिनेछ। स्थानीय तह एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक समीक्षा र अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरि आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

## ९. जोखिम

स्वास्थ्य क्षेत्रका आयामहरुको एकीकृत विकास तथा सुदृढीकरणमा समन्वय,सहकार्य तथा सामञ्जस्यता कायम गर्न संघीय व्यवस्थामा अभ्यस्त नभई सकेको, प्रदेश तथा स्थानीय तहमा जिम्मेवारी तथा क्षेत्राधिकार तोकिएतापनि स्वास्थ्य संस्था र जनशक्ती हस्तान्तरणमा ढिलाई, संख्यात्मक रुपमा सेवाको विस्तार गर्दा स्वास्थ्य सेवा न्यून गुणस्तरको हुनसक्छ। अस्पष्ट जिम्मेवारी तथा क्षेत्राधिकार, बित्तीय तथा अन्य स्रोतको उपलब्धताको सुनिश्चितता नहुनु साथै स्वास्थ्य बहुआयामिक र बहुपक्षीय उपज हुने र अन्य क्षेत्रका क्रियाकलापका प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पनि महत्वपूर्ण हुने भएकाले प्रादेशिक स्वास्थ्य नीति २०७७ लागु गर्दा कार्यान्वयनमा कठिनाई हुनसक्ने जोखिम देखिन्छ।

**आज्ञाले,**
**डा. गोपिकृष्ण खनाल**
**सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय

४३